## लुम्बिनि विकास कोष पदाधिकारी सम्बन्धी (तेस्रो संशोधन) विनियमावली,२०८३

लुम्बिनि विकास कोष पदाधिकारी सम्बन्धी विनियमावली,२०५८ लाई संशोधन गर्न बान्छनीय भएकोले,

लुम्बिनि विकास कोष ऐन, २०४२ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी समितिले नेपाल सरकारको स्वीकृतिलिई यो विनियमावली स्वीकृत गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) विनियमावलीको नाम "लुम्बिनि विकास कोष पदाधिकारी सम्बन्धी (दोस्रो संशोधन) विनियमावली, २०८३" रहेको छ।

(२) यो विनियमाली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **लुम्बिनि विकास कोष पदाधिकारी सम्बन्धी विनियमावली,२०५८ (यसपछि मुल विनियमावली भनिएको) को परिच्छेद ६ मा संशोधनः** मुल विनियमावलीको परिच्छेद ६ को विनियम १९,२०,२१,२२,२३ र २४ झिकिएका छन् ।

१. मुल विनियमावलीमा **विनियम १८क. थपः** मुल विनियमावलीको विनियम १८ पछि देहायको विनियम १८क. थपिएको छः-

" १८क. <u>पदमुक्त हुने</u> : (१) प्रचलित पदाधिकारी सम्बन्धी विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो विनियमावली जारी हुनुपूर्व लुम्बिनि विकास कोष पदाधिकारी सम्बन्धी विनियमावली, २०५८ को विनियम १९ बमोजिम मनोनयन भएका योजना प्रमूखको नियुक्तिमा जुनसुकै सर्त, सुविधा र पदावधि तोकिएको भए तापनि यो विनियमावली प्रारम्भ भएपछि उक्त पदबाट स्वतः पदमुक्त हुनेछन्।

(२) उपविनियम (१) बमोजिम पदमुक्त भएको पदाधिकारीलाई सम्बन्धित मन्त्रालयको सचिव वा निजले अख्तियारी दिएको अधिकारीले पदमुक्त भएको सूचना दिनेछ।"

मा. खडक राज पौडेल 'गनेस'
मन्त्री